नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## शुभकामना सन्देश

**"तीनै तहका सरकार मिली गरौ हातेमालोः मानब बेचबिखनको हटाऔं दुष्चक्रको जालो"** भन्ने राष्ट्रिय नाराका साथ मानव बेचविखन तथा ओसारपसार विरुद्धको १९औं राष्ट्रिय दिवस, २०८२ मनाउन गईरहेका छौं। यस अवसरमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा क्रियाशील सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, पीडित/प्रभावित, सामाजिक अभियन्ता, सञ्चार माध्यम लगायत सम्पूर्णमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध काम गर्ने हौसला र प्रेरणा मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

आर्थिक रुपमा अति विपन्न, सामाजिक रुपमा बहिस्कृत वा कमजोर, पीछडिएका, सिमान्तकृत वर्ग, पारिवारिक बेमेल, लैङ्गिक हिंसा, न्यून आय स्रोत भएका र श्रममा आश्रित व्यक्तिहरु प्राय जसो मानव बेचबिखनको उच्च जोखिममा रहेका हुन्छन् भने लैंगिक रुपमा महिलाहरु बढी जोखिममा रहेका छन्। गरिबी र अभावको कारणले एकपटक बेचबिखनमा परेका व्यक्तिहरु पुनः बेचबिखनमा पर्न सक्छन्। त्यसैले यसको प्रभावबाट बच्न व्यापक रुपमा जनचेतना अभिवृद्धि गर्नु जरुरी छ।

बेचबिखनबाट पीडित तथा प्रभावितहरुको मानव अधिकारको संरक्षण गर्दै उनीहरुको सामाजिक र आर्थिक सशक्तिकरण गर्न नितान्त आवश्यक छ। बेचबिखन हुनै नदिनु र भईहालेमा पीडित/प्रभावितहरुलाई लुकेर बस्ने बाध्यताको अन्त्य गरी समाजमा खुलेर बस्ने वातावरण सृजना गर्नु जरुरी छ। मानव बेचबिखनमा संलग्नलाई कानूनी कारवाहीको दायरामा ल्याई सजाय दिलाउनु र अपराध नियन्त्रणमा योगदान गर्नु हामी सबैको दायित्व हो।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि मन्त्रालय एक्लैको प्रयास प्रयाप्त हुदैन यसको लागि यस क्षेत्रमा क्रियाशील गैर सरकारी निकाय, सामाजिक संघ संस्था, नागरिक समाज, सञ्चार माध्यम सबैसँग समन्वय र सहकार्य गर्न मन्त्रालय सदैव तत्पर छ।

मानव बेचबिखन विरुद्धको १९औं राष्ट्रिय दिवसको नाराको सार्थकता प्रासिका लागि तीनै तहका सरकार, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा क्रियाशील सरकारी निकाय, गैर सरकारी संस्था, नागरिक समाज, सामाजिक अभियन्ता, सञ्चार माध्यम एवं सम्पूर्ण दिदीबहिनी तथा दाजुंभाईहरु एकजुट भई मानव बेचविखन तथा ओसारपसार मुक्त मर्यादित समाज निर्माण गर्ने कार्यमा अगाडि बढ्न सकौं भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

भाद्र २०, २०८२

लक्ष्मी कुमारी बस्नेत
सचिव
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय